गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

१३ साउन २०८१ | बुलेटिन संख्या #१४९६

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ५४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २६ | ० | ० | २ | ५,२५,००० | १३ | ० |

## घटना सारांश:

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | सिन्धुपाल्चोक | बलेफी गा.पा.- ८ जुरे स्थित अरनिको राजमार्गमा अविरल बर्षाको कारण माथिबाट लेदो माटो बग्दै आई सडक पुरी बाटो अबरोध । | ० | ० | ० | बाटो खुलाउने सम्बन्धमा सडक बिभागसँग समन्वय भईरहेको । |
| | सिन्धुपाल्चोक | इन्द्रावती गा.पा.- १ मानेडाँडा स्थित नवलपुर सिम्पल काभ्रे भित्री कच्ची सडक खण्डमा सडक भासिई बाटो अवरोध । | ० | ० | ० | बाटो खुलाउने तर्फ स्थानीय तहसँग समन्वय भईरहेको । |
| | मकवानपुर | भिमफेदी गा.पा.- ८ कालोपहिरो स्थित दुबै तर्फ पहिरो खसि बागमती प्रदेश ०१-००६ ख ६६७८ नं. को सामान लोड भएको ट्रक फसि ऐ.बकैया गा.पा.- १२ को कार्यालयको प्राङगढमा पहिरो झरि मानेघुम्ती, ठिंगनबजार, चौताराभिर, ऐ.बकैया-११ आहालेगाँउ, खोरभन्ज्याङ स्थित कान्ती लोकपथ सडक खण्ड पूर्णरुपमा अवरोध । | ० | ० | ० | बाटो खुलाउनको लागि सडक विभागसँग समन्वय भईरहेको । |
| | मकवानपुर | भिमफेदी गा.पा.- ८ महादेवटार र बागमती स्थित कान्ती लोकपथ सडक खण्डमा अविरल बर्षाको कारण माथिबाट पहिरो खसी बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | ई.प्र.का.ठिंगनको टोली गई २ वटा JCB द्वारा पहिरो पन्छाउने कार्य भईरहेको । |
| | मकवानपुर | भिमफेदी गा.पा.- ४ रातोमाटे स्थित भैंसे भिमफेदी काठमाण्डौ सडक खण्डमा अविरल बर्षाको कारण माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | ई.प्र.का.भिमफेदीको टोली खटि बाटो खुलाउनको लागि समन्वय भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नुवाकोट | ककनी गा.पा.- १ चिसोधारा स्थित पासाङ ल्हामु सडक खण्डमा अबिरल वर्षाको कारण माथिबाट पहिरो आई बाटो अबरोध । | ० | ० | ० | प्र.चौ.ककनीको टोली खटि गई बाटो खुलाउने पहल भईरहेको । |
| | रसुवा | गोसाईकुण्ड गा.पा- ३ मेदामुदुङ र कुलुङ स्थित पासाङ ल्हामु सडक खण्डमा माथिबाट लेदो माटो र ढुङ्गा आई बाटो अवरोध । | ० | ० | ० | प्र.चौ स्याफ्रुबेशीको टोली खटी स्काभेटर मगाई बाटो खुलाउने पहल भईरहेको । |
| | ललितपुर | बागमती गापा.- ३ कार्कीबास स्थित अबिरल बर्षाको कारण पहिरो खसि कान्ती लोकपथ सडक खण्ड पूर्णरुपमा बन्द । | ० | ० | ० | प्रहरी चौकी भट्टेडाँडाको टोली खटि गएको । |
| | प्युठान | माण्डबी गा.पा.- १ गर्जेनी स्थित अबिरल परेको बर्षादको कारण माथिबाट लेदो पहिरो आई भालुबाङ दाङ प्युठान सडक खण्ड बन्द । | ० | ० | ० | प्र.चौ.देविस्थानको टोली खटि खुलाउनको लागि समन्वय भईरहेको । |
| | दैलेख | चामुण्डा बिन्द्रासैनि नपा.- ९ पादुवाखोला नजिकै रजेना स्थित कर्णाली राजमार्जमा माथिबाट पहिरो आई राजमार्ज पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | प्र.चौ.पाल्तडाको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |
| | कालिकोट | नरहरिनाथ गापा- ११ मोहरा गाउँ स्थित सुर्खेत हुम्ला जाने कर्णाली करिडोरमा अबिरल बर्षातको कारण माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.चौ.लालुखुलालुलेको टोली खटि गई बाटो खुलाउने पहल भईरहेको । |
| | डडेल्धुरा | नवदुर्गा गा.पा.- १ निम्तोला स्थित एक घर माथिबाट बर्षातका कारण पहिरो आइ पछाडी पट्टिको भित्ता चर्किई क्षति, ४ जना मानिस छिमेकीको घरमा बसेको । | ० | ० | ० | - |
| | दार्चुला | महाकाली न.पा.- ५ किम्तडी स्थित गोकुलेश्वर दार्चुला हाईवेमा वर्षातका कारण माथिबाट रुख सहित पहिरो आई सडक अवरुद्ध । | ० | ० | ० | जि.प्र.का.को टोली खटी गई खुलाउने पहल भईरहेको । |
| **अबिरल वर्षा** | सिन्धुपाल्चोक | भोटेकोशी गा.पा.- ४ डाक्लाङ स्थित अरनिको राजमार्गमा सडक भासिई सडक पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.ना.नि.को टोलि खटी बाटो खुलाउने पहल भइरहेको । |
| | ललितपुर | बागमती गा.पा.- ६ आश्राङ स्थित अबिरल बर्षातको कारण लुकुनी खहरे खोलामा बाढी आई प्रहरी चौकी आश्राङमा बाढी पसी डुबान, कान्तिलोकपथको बिभिन्न स्थानमा पहिरो आई बाटो अवरोध । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रसुवा | नौकुण्ड गा.पा.- ३ सागाचौर स्थित अबिरल बर्षाको कारण सडक भासिई पहिरो जाँदा ५ वटा घरहरु जोखिममा । | ० | ० | ० | प्र.चौ पारच्याङको टोली खटी गएको । |
| | रुकुम पश्चिम | त्रिबेणी गा.पा- ३ झुल्नेटा बजार नजिक बर्षातका कारण रा.१.ख २५९० न.को रात्री बस हिलोमा फस्न गई रासी राजमार्ग अबरोध । | ० | ० | ० | प्र.चौ. झुल्नेटाको टोली खटि गएको । |
| आगलागी | ओखलढुङ्गा | मानेभञ्ज्याङ गापा- ६ जयरामघाट स्थित मध्यपहाडी लोकमार्गमा सडकको साईडमा पार्किङ गरी राखेको स१त ४००१ नं. को ट्याक्टरमा आगलागी भई ट्याक्टर आंशिक क्षति । | ० | ० | ० | प्रचौ हर्कपुरको टोली खटि गएको । |
| | सिरहा | गोलबजार न.पा.- ४ शिव मंदिर स्थित एक सिलाई पसलमा अचानक बिद्युतको तार सर्ट भई आगलागी हुँदा ५ वटा कपडा सिलाउने मेशिन र कपडा गरी २ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का.गोलबजार र सशस्त्र वेस क्याम्प गोलबजारको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | बारा | पचरौता न.पा.- २ लालचनहा बिसनपुर स्थित एक घुम्ती किराना पसलमा बालेको मैनबत्तीबाट अचानक आगलागी हुँदा नगद, प्याज, फ्रिज, सोयाबिन, बियर, गहुँ लगायत गरी २ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.श्रीनगरको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | धनुषा | शहिदनगर न.पा.- ३ गोठकुहा स्थित एक गोठघरमा बालेको घुरबाट आगो सल्किई काठ दाउरा लगायत गोठघर आंशिक रुपमा जलि २५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | मकवानपुर | भीमफेदी गा.पा.- ६ माण्डुगौडा पाखा स्थित एक गोठमा अचानक आगलागी हुँदा गोठ पूर्णरुपमा जली नष्ट । | ० | ० | ० | ई.प्र.का.भीमफेदीको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | दाङ्ग | लमही न.पा.- ९ च्याउखोला नजिक पूर्व-पश्चिम राजमार्गमा सु.प.प्र.०१-००१ ख ३३२७ नं.को गुडिरहेको खाली ट्रकमा वेयरिङ तार सर्ट भई आगलागी । | ० | ० | ० | अ.प्र.पोष्ट रिहारको टोली खटि गएको । |
| जनावर आक्रमण | उदयपुर | स.प्र.से.उदयपुर दरबन्दी भई उदयपुरगढी गा.पा- ७ स्थित अ.प्र.पोष्ट हाडेवाँसमा कार्यरत २८ वर्षिय एक प्रहरी जवानलाई सुतिरहेको अवस्थामा बिच्छीले वाँया हातको माझी औंलामा टोकी घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि जिल्ला अस्पताल उदयपुर लगिएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाँके | बैजानाथ गा.पा.- २ दक्षिण लदौरा बस्ने वर्ष ६२ का एक पुरुष आफ्नै गोरुलाई घाँस हाल्न जादा गोरुले पेटको बाँया भागमा सिङले हानि घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि मेडिकल कलेज कोहलपुर लगिएको । |
| **हावाहुरी** | भोजपुर | टेम्केमैयुङ गा.पा.- ४ नागी एलम्वर चोक स्थित एक घरमा अचानक आएको हावाहुरीका कारण घरको छानो पूर्णरुपमा उडाई क्षति, ८ जनाको परिवार छिमेकीको घरमा बसेको । | | | | ईप्रका दिल्पाको टोली खटी गएको । |
| **जम्मा संख्या** | | २६ | ० | ० | २ | |

- *नोट: साउन १२ गते विहान १०:०० बजे देखि साउन १३ गते विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

साउन १२ गते बिहान ०८:४५ बजे देखि साउन १३ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०४/१३ गते बिहान ०८:४५ बजे २१४ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ६३ र स्वचालितः १५१) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १६९ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा कास्की जिल्लाको लुम्ले केन्द्रमा (१४२.० मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ११ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र ३ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: साउन १२ गते बिहान ०८:४५ बजे देखि साउन १३ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

**दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः**




नक्सा २: साउन १२ गते बिहान ०८:४५ बजे देखि साउन १३ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: साउन ११ गते साँझ ०५:४५ बजे देखि साउन १२ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण ।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| प्युठान, नुवाकोट, मकवानपुर | कास्की, लमजुङ, सिन्धुपाल्चोक | - |

तालिका २: २०८१/०४/१३ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०४/१२ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ५ | ० |
| १५ देखि २० | १९ | ० |
| २० देखि २५ | २५ | ७ |
| २५ देखि ३० | १९ | २० |
| ३० देखि ३५ | ३ | २२ |
| ३५ देखि ४० | ० | २६ |
| जम्मा केन्द्र संख्या (वटा) | ७१ | ७५ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | ३१.० डि.से./वीरगंज, पर्सा | ३८.३ डि.से./भरतपुर, चितवन |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १२.२ डि.से./काइगाउँ, डोल्पा | २१.१ डि.से./लुक्ला विमास्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** [www.twitter.com/ndrrma_Nepal](www.twitter.com/ndrrma_Nepal) र [www.facebook.com/ndrrma/videos](www.facebook.com/ndrrma/videos) र [www.youtube.com/NDRRMA](www.youtube.com/NDRRMA) **मा जानुहोस्।**